ऋण असुली न्यायाधिकरण

कमलपोखरी, काठमाडौं

सूची दर्ता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०३/३१

यस न्यायाधिकरणमा आगामी आ.व. २०८३/०८४ को लागि तपसिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को प्रयोजनको लागि सम्बन्धित कार्य गर्न पाउने इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कुन कामको लागि सूचीकृत हुन चाहेको हो, सोको स्पष्टरुपमा उल्लेख गरी सम्बन्धित फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र, स्थायी लेखा नंम्बर दर्ता प्रमाणपत्र र पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समेत संलग्न गरी यस न्यायाधिकरणमा निवेदन पेश गर्नुहुन मिति २०८३।०३।३१ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

१. स्टेशनरी, मसलन्द तथा कार्यालय संचालन सम्बन्धी मालसामानको आपूर्ति।
२. छपाई सम्बन्धी कार्य।
३. सवारी साधन खरिद तथा मर्मत कार्य।
४. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी कार्य।
५. मेशिनरी, कम्प्यूटर, प्रिन्टर, फयाक्स तथा विद्युतीय सामाग्रीहरु सप्लाई, रिफिलिङ्ग तथा मर्मत सम्बन्धी कार्य।
६. पिउने पानी आपूर्ति सम्बन्धी कार्य।
७. धितोसम्पत्ति मूल्याङ्कन सम्बन्धी कार्य।
८. अन्य आवश्यक फुटकर सामान तथा सेवाहरु।

नोटः-

१. यो सूचना न्यायाधिकरणको सूचना पाटी र वेभसाइट www.drtribunal.gov.np मा समेत हेर्न सकिनेछ ।
२. सूची दर्ता गराउने अन्तिम दिन सार्वजनिक बिदा परेमा भोली पल्ट कार्यालय खुलेको समयमा गराउन सकिनेछ ।
३. सूची दर्ताको लागी कुनै पनि शुल्क तथा दस्तूर तिर्नु बुझाउनुपर्ने छैन।
४. सूची दर्तासँग सम्वन्धित कागजातहरु आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।